# म्याग्दी क्याम्पसमा उच्च शिक्षाका समस्या समाधानका लागि राष्ट्रिय गोष्ठी हुने




म्याग्दी बहुमुखी क्याम्पसमा पहिलोपटक उच्च शिक्षामा अध्ययन अध्यापनलाई अनुसन्धानत्मक बनाउन दुई दिने राष्ट्रिय गोष्ठी आयोजना गरिने भएको छ । नेपालमा उच्च शिक्षा प्रणालीको प्रवर्धनः चुनौती र अवसरहरू विषयमा यही साउन ३२ गते र भदौं १ गते क्याम्पस प्राङ्गनमा

हुने गोष्ठीमा समग उच्च शिक्षाका क्षेत्रमा केन्द्रित हुने बताइएको छ ।



शुक्रबार क्याम्पसको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा उच्च शिक्षाका लागि योग्य, दक्ष जनशक्ती आपूर्ति, विकास र परिचालन सँगै स्थानीय तहमा निती निर्माणलाई समेत सहज हुने गरी विभिन्न विषयमा केन्द्रित भएर छलफल र प्रस्तुती हुने क्याम्पसका अनुसन्धान विभाग प्रमुख एवम् पूर्व क्याम्पस प्रमुख टिकाराम सापकोटाले बताउनुभयो ।

‘अहिले शैक्षिक क्षेत्रमा अनुसन्धान र अनुसन्धानमा आधारित लेखहरुको अपरिहार्य छ, यो गोष्ठी म्याग्दीकौ शैक्षिक क्षेत्रमा कोशेढुंगा सावित हुने छ’

सापकोटाले भन्नुभयो । उहाँका अनुसार धौलागिरी क्षेत्रमा पहिलोपटक आयोजना हुन लागेको गोष्ठीमा म्याग्दीका साथै बागलुङ, पर्वत लगायतका क्षेत्रबाट समेत सहभागि हुने छन् ।

म्याग्दी बहुमुखी क्याम्पसका ८ जनाले अनुसन्धानत्मक लेखको प्रस्तुती सहित गुणात्मक र मात्रात्मक तथ्याङ्कहरुलाई विश्लेषण गरिने छ । राष्ट्रिय गोष्ठीमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. बाशुदेव काफ्ले, पिएन क्याम्पस पोखराका प्राध्यापक डा. मिन पुन र युजिसी नेपालका नारायण भण्डारीले सहजीकरण गर्नुहुने छ ।




गोष्ठीमा उच्च शिक्षाका समस्या र चुनौती, उच्च शिक्षा नीति सुधार, सेमेस्टर प्रणाली र वार्षिक प्रणाली, पाठ्यक्रम डिजाइन र कार्यान्वयन, विद्यार्थी मूल्याङ्कन र परीक्षा प्रणाली, उच्च शिक्षामा सुशासन, अनुशासन अभ्यासहरू सामाजिक मिडिया,उच्च शिक्षा र एआई, विद्यार्थी छाड्ने र प्रतिभा पलायनका विषयबस्तुमा समेत छलफल हुने छ ।

पत्रकार सम्मेलनमा क्याम्पस प्रमुख श्रीधर सुबेदीले शैक्षिक सुधारका लागि अनुसन्धानमुलक लेख प्रकाशन गर्नेलाई क्याम्पसबाटै सहयोग हुने

बताउनुभयो । उच्च शिक्षामा देखिएका हरेक प्रकारका चुनौतीको समाधानका लागि क्याम्पसले समय सुहाउँदो पाठ्यक्रम सहित विभिन्न तालिम तथा उत्पादनमुखी क्षेत्रमा लाग्ने विद्यार्थीका लागि अनुदान भित्राउन समेत सक्रिय रहेको बताउनुभयो ।

सोही अवसरमा क्याम्पस सञ्चालक समितिका सदस्य क्या. मिनबहादुर कार्कीले सामुदायिक विद्यालय र क्याम्पसमा विद्यार्थीको संख्या घट्दै गएको अवस्थालाई मध्यनजर गरी अबका गतिविधि केन्द्रित हुनुपर्नेब बताउनुभयो । पत्रकार सम्मेलनमा सञ्चालन क्याम्पसका सहायक क्याम्पस प्रमुख नारायणप्रसाद सुबेदी, भोलानाथ घिमिरे लगायत पत्रकारहरूको उपस्थिती रहेको थियो भने ब्यवस्थापन विभाग प्रमुख विष्णुप्रसाद आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

